# इनरुवा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
इनरुवा, सुनसरी
कोशी प्रदेश

प.सं. : ०७९।०८०
च.नं. : २८५८

मिति : २०८०।१।१३

## आन्तरिक आय संकलन ठेक्का आव्हान(e-biddingमात्र) को ३० दिने सूचना ।
## ( प्रथम पटक प्रकाशित मिति : २०८०।१।१३)

यस इनरुवा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको आ.व. २०८०।२०८१ को लागि आन्तरिक आय चौपाया मवेशी निकासी कर संकलनका लागी ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकाले तपशिल वमोजिमको शर्तहरुको अधिनमा रही e-bidding को माध्यमवाट वोलपत्र पेश गर्न हुन सम्वन्धित सवैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१. तपसिलमा उल्लेखित दस्तुर फिर्ता नहुने गरी इनरुवा नगरपालिका कार्यालय, इनरुवाको नाममा राष्ट्रिय वाणिज्य बैंक, इनरुवा शाखामा रहेका आन्तरिक राजश्व खाता न.२२२०१००३०१०१०००३ मा रकम जम्मा गरेको भौचर, कम्पनी, फर्महरूले व्यवसाय नविकरण भएको इजाजत पत्र, आयकर तथा मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.व. ०७८।०७९ को कर चुक्ताको प्रमाणपत्रहरू संलग्न राखी www.bolpatra.gov.np बाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिन (२०८०।०२।११ गते कार्यालय समय भित्र) सम्म खरिद गर्न सकिनेछ । खरिद भएको वोलपत्र सम्वन्धी कागजात ३१ औं दिन (२०८०।०२।१२ गते दिनको १२.०० बजे सम्म)e-bidding वाट मात्र दर्ता गराउनु पर्नेछ ।

२. दर्ता भएका वोलपत्रहरू अन्तिम दर्ता गर्नु पर्ने दिनको २.०० बजे कार्यालयका प्रतिनिधिहरू र वोलपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहवरमा इनरुवा नगरपालिका कार्यालय, इनरुवामा खोलिनेछ । वोलपत्रदाता वा निजको प्रतिनिधिहरू उपस्थित नभएमा पनि वोलपत्र खोल्ने कार्यमा कुनै वाधा पर्ने छैन ।

३. वोलपत्र विक्री तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरू बिदाको लगतै पछि कार्यालय खुलेको दिन सोही बमोजिम हुनेछ ।

४. वोलपत्र दाखिला गर्दा आफुले कबोल गरेको आय ठेक्का अंकको ५% धरौटी रकम इनरूवा नगरपालिकाको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक इनरुवाको धरौटी खाता नं. २२२०१००३०३००००३ मा रकम जम्मा गरेको भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वैंकले जारी गरेको १२० (एक सय बीस) दिन म्याद भएको बिडवण्डको प्रति पेश गर्नुपर्ने छ ।

५. वोलपत्रदाताले बोलपत्रमा दररेट भर्दा मूल्य अभिवृद्धि कर, न.पा. कर बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ ।

६. नगरपालिकाले तोकेको न्यूनतम कागजात पेश गरेका फर्महरू मध्ये सवैभन्दा बढी अंक कवोल गर्ने फर्मको ठेक्का स्विकृत गरीनेछ । साथै नगरपालिकाले तोकेको न्यूनतम ठेक्का अंक भन्दा कम अंक कवोल गर्ने फर्मलाई मूल्यांकनमा समावेश गरिने छैन ।

७. ठेक्का सम्बन्धमा प्रचलित कानून बमोजिम बुझाउनु पर्ने कर, दस्तुर, महशुल कम्पनी, फर्म पक्षवाट बुझाउनु पर्ने छ र सो को फरफारकको प्रमाण कार्यालयमा पेश गरे पछि मात्र निजले ठेक्का कवोल गर्दा राखेको धरौटी फिर्ता वा फुकुवा गरिनेछ ।

८. ठेक्का स्वीकृत भएको जानकारी पाएको ७ (सात) दिन भित्र सम्झौता गर्नु पर्ने छ । सम्झौता गर्नु पूर्व कवोल गरेको सम्पूर्ण रकम र नियमानुसारको मू.अ.कर र न.पा. करको रकम एकमुष्ट बुझाई सम्झौता गरेमा कवोल गरेको रकमको १०% ले हुन आउने रकम छुट दिईनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

९. बोलपत्र स्वीकृत भएको जानकारी पाएको ७ (सात) दिन भित्र कबुलियत, सम्झौता गरी पट्टापुर्जी (इजाजत पत्र) नलिएमा कम्पनी, फर्मले राखेको धरौटी जफत गरिनेछ र अन्यको हकमा प्रचलित कानून र नगरपालिकाको निर्णय अनुसार हुनेछ ।

१०. कानुन बाहिरको परिस्थिती परी आई ठेक्काको कर असुली प्रभावित भएमा कम्पनी, फर्मले यस कार्यालयमा निवेदन दिन सक्नेछ । त्यसरी प्रभावित भए,नभएको सम्वन्धमा इनरुवा नगरपालिकाले आवश्यक समिति गठन गरी सो समितिबाट स्थलगत निरीक्षण गरी प्राप्त प्रतिवेदन लिई आवश्यक कार्यवाही गरिनेछ ।

११. कम्पनी, फर्मले आय संकलनका लागि लिएको करको ठेक्कामा नगरपालिकाले तोकेको दररेट भन्दा बढी लिन पाइने छैन र बढी लिएको पाइएमा वा ठहरेमा कानून बमोजिम हुनेछ ।

१२. कर संकलन ठेक्का संचालन गर्दा नगरपालिकालाई कुनै किसिमको हानि नोक्सानी पुर्याएमा सो को हर्जना अशुल गरी कम्पनी, फर्मलाई आवश्यक कारवाही हुनेछ ।

१३. पहिलो बोलपत्रदाताले ठेक्का स्वीकृत भई नियम अनुसारको प्रक्रिया पूरा गरी ठेक्कामा सम्झौता नगरेसम्म दोश्रो र तेश्रो बोलपत्रदाताको धरौटी रकम फिर्ता गरिने छैन ।

१४. कर संकलनमा कुनै किसिमको विवाद भएमा यस कार्यालयको निर्णय अन्तिम निर्णय हुनेछ ।

१५. कर संकलन गर्दा प्रयोग गरिने रसिद, कर्मचारी समेतको व्यवस्था कम्पनी, फर्म आफैले गर्नु पर्नेछ ।

१६. कर संकलन गर्दा प्रयोग गरिने रसिदमा इनरुवा नगरपालिकाको अनिवार्य छाप लगाएर मात्र प्रयोग गर्न पाइनेछ ।

१७. ठेक्का अवधी २०८०श्रावण १ देखि २०८१ अषाढ मसान्तसम्म हुनेछ ।

१८. सम्झौताका सबै शर्तहरू र ठेक्काका प्रक्रिया प्रचलित कानून बमोजिम हुनेछ ।

१९. करको दर इनरुवा नगरपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ ।

२०. पर्न आएका बोलपत्रहरू स्वीकृत गर्ने, नगर्ने लगायत ठेक्का सम्बन्धी निर्णय गर्नुपर्ने सम्पूर्ण अधिकार नगरपालिकामा सुरक्षित रहनेछ ।

२१. यस सूचनामा छुट हुन गएका अन्य कुराहरू प्रचलित ऐन कानून अनुसार हुनेछ ।

२२. अन्य विस्तृत जानकारीका लागि इनरूवा नगरपालिका कार्यालयको राजश्व शाखामा सम्पर्क गर्न सकिने छ ।

तपशिल

| क्र.स. | ठेक्का नं. | विवरण | न्यूनतमठेक्काअंक १३%भ्याट र १%न.पा. कर बाहेक | धरौटी | बोलपत्र दस्तुर रू. |
|---|---|---|---|---|---|
| १. | INR/II/ 05/079-080 | चौपाया मवेशी निकासी कर | २,५०,०००।०० | कवोल अंकको ५% | १०००।०० |

दशरथ राई
प्रमुखप्रशासकियअधिकृत
प्रमुख प्रशासकीय अधिकृत

CamScanner